नेपाल सरकार

अर्थ मन्त्रालय

# सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

त्रिपुरेश्वर, काठमाण्डौ

प्रकाशित मितिः २०८२/१२/२४

## २०८२ चैत्र २५ गते बोलकबोल मार्फत विकास ऋणपत्र -२०८८ (NPDB06112088) (६ वर्षे) बिक्री खुल्ला गरिने सम्बन्धी सूचना !!!

नेपाल सरकारको तर्फबाट सार्वजनिक ऋण व्यवस्थापन कार्यालय मार्फत देहायबमोजिमको विकास ऋणपत्र बोलकबोल प्रक्रियाद्वारा निष्कासन गरिने भएको हुँदा उक्त ऋणपत्र खरिद गर्न इच्छुक बैंक तथा वित्तीय संस्था, अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीले तल उल्लिखित मिति र समयभित्र बोलकबोल पेश गर्न हुन अनुरोध छ।

१) विशेषताहरु

**क)** ऋणपत्रको नाम : विकास ऋणपत्र-२०८८ (**NPDB06112088**) (६ वर्षे),

**ख)** निष्कासन हुने रकम : रु १००० करोड (दश अर्ब मात्र),

**ग)** ब्याज दर : बोलकबोलको माध्यमबाट निर्धारण हुने,

**घ)** धितोको रुपमा प्रयोग हुने : यो ऋणपत्र धितो राखी कर्जा लिन/दिन पाइने,

**ङ)** दोस्रो बजार कारोबार : नेपाल स्टक एक्सचेन्ज तथा DOMS बाट हुने।

२) बोलकबोल, निष्कासन, साँवा तथा ब्याज भुक्तानी

**क)** बोलकबोल मिति र समय : २०८२ चैत्र २५ गते बुधबार विहान ९:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म बोलकबोल हुने। ऋणपत्र खरिद गर्न चाहनेले उक्त समयभित्र यस कार्यालयको DOMS प्रणालीको URL https://doms.gov.np/csd/MainTree.do बाट बोलकबोल पेश गर्नु पर्नेछ,

**ख)** निष्कासन मिति : २०८२ चैत्र २६ गते बिहिबार,

**ग)** साँवा भुक्तानी : २०८८ चैत्र २६ गते,

**घ)** ब्याज भुक्तानी : अर्धवार्षिक (आयकर लाग्ने)।

३) प्रतिस्पर्धी तथा अप्रतिस्पर्धी बोलकबोल

**क)** सहभागिता : इच्छुक खरिदकर्ता प्रतिस्पर्धी वा अप्रतिस्पर्धी रुपमा सहभागी हुनसक्ने,

**ख)** छुट्याइएको रकम : प्रतिस्पर्धी वा अप्रतिस्पर्धी बोलदाताहरुलाई क्रमशः निष्काशित रकमको ८५ र १५ प्रतिशत अर्थात रु. ८५० करोड र रु. १५० करोड छुट्याईएको। अप्रतिस्पर्धी बोलदाताहरुलाई छुट्याईएको रकमको लागि पूरा बोल प्राप्त नभएमा बाँकी हुन आउने रकम प्रतिस्पर्धी

बोलदाताहरुलाई बिक्री गरिने। अप्रतिस्पर्धी बोलदाताहरुलाई छुटयाइएको रकमभन्दा बढी रकमको बोल प्राप्त हुन आएमा बोलदाताहरुलाई समानुपातिक रुपमा उक्त ऋणपत्रको रकम बाँडफाँड गरिने,

**ग) ब्याजदर र बाँडफाँड** : बोलदाताले कबोल गरेको ब्याजदरलाई सानोदेखि ठूलो क्रममा मिलाएर राखी बाँडफाँड गरिने रकमसम्ममा कायम भएको Cut-Off ब्याजदरलाई एकल ब्याजदर कायम गरी सो ब्याजदर र सो ब्याजदरभन्दा तलका सबै बोलदाताहरुलाई सोही एकल ब्याजदरमा ऋणपत्र उपलब्ध गराइने।

**४)** शर्तहरु

**क) खरिद गर्न पाउने सीमा** घटीमा रु. पाँच लाख र बढीमा कुल निष्काशित रकमको सीमामा नबढाई रु. पाँच लाखले भाग गर्दा निःशेष भाग जाने अंकमा,

**ख)** यो ऋणपत्र खरिदका लागि व्यक्ति तथा संस्थाले बोलकबोल प्रक्रियाअन्तर्गत प्रतिस्पर्धी वा अप्रतिस्पर्धी कुनै एक बोलदाताको रुपमा मात्र भाग लिन सक्नेछन्। नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाले अप्रतिस्पर्धीको रुपमा भाग लिन पाउने छैनन्,

**ग)** प्रतिस्पर्धी बोलदाताले खरिद गर्न चाहेको रकम र कबोल गर्न चाहेको ब्याजदर (दशमलव पछाडि दुई अंकसम्म मात्र) उल्लेख गर्नु पर्नेछ। इच्छुक बोलदाताले बहु-ब्याजदरमा समेत बोल गर्न सक्नेछन्,

**घ)** अप्रतिस्पर्धी बोलदाताले खरिद गर्न चाहेको रकममात्र उल्लेख गर्नु पर्नेछ। प्रतिस्पर्धी बोलकबोलवाट निर्धारित एकल ब्याजदरमा अप्रतिस्पर्धी बोलदातालाई उक्त ऋणपत्र बाँडफाँट गरिनेछ,

**ङ)** नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्था बाहेकका बोलदाताले आफुले खरिद गर्न चाहेको रकमको २.५० प्रतिशतले हुने अर्नेष्ट मनी बापतको रकम नेपाल राष्ट्र बैंकमा रहेको विकास ऋणपत्र आवेदन खाता (DEVELOPMENT BOND APPLICATION A/C) (A/C No. 1200000/015.115.524) मा जम्मा गरेको भौचर यस कार्यालयमा २०८२ चैत्र २५ गते दिनको ३:०० बजेभित्र यस कार्यालयको ईमेल internaldebt@pdmo.gov.np मा पठाउनु पर्नेछ,

**च)** नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाले उक्त अर्नेष्ट मनी वापतको रकम र बाँडफाँट स्वीकृत भएको रकम आ-आफ्नो खातामा मौज्दात कायम गर्नु पर्नेछ,

**छ)** व्यक्तिले बोलकबोलमा भाग लिएमा, अर्नेष्ट मनी जम्मा गरेको भौचर र नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ,

**ज)** “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्था बाहेकका सफल बोलदाताले निष्कासन मिति २०८२ चैत्र २६ गते मध्यान्ह १:०० बजेभित्र नेपाल राष्ट्र बैंकमा रहेको DEVELOPMENT BOND APPLICATION A/C (A/C No. 1200000/015.115.524) मा बाँकी रकम जम्मा गरेको भौचर यस कार्यालयको ईमेल internaldebt@pdmo.gov.np मा पठाउनु पर्नेछ। बाँकी रकम दाखिला नगरेमा अर्नेष्टमनी बापतको रकम जफत हुनेछ,

**झ)** अस्वीकृत बोलदाताहरुको अर्नेष्ट मनी बापतको रकम यससम्बन्धी निर्णय भएको मितिले ३ दिनभित्र बिना ब्याज फिर्ता हुनेछ,

**ञ)** प्राप्त बोल आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार ऋणपत्र निष्कासन तथा सञ्चालन समितिलाई हुनेछ,

**ट)** अन्य थप जानकारीका लागि यस कार्यालयको फोन नं. ०१-४५३८३५९ मा सम्पर्क राख्न हुन अनुरोध छ।